अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ सँग सम्बन्धित)

# आर्थिक वर्ष २०७५/७६ को नीति , कार्यक्रम तथा बजेट

हिमाली गाउँपालिका

बाजुरा जिल्ला

प्रदेश नं. ७

गाउँपालिकाका उपाध्यक्ष ज्यू ,गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु उपस्थित सम्पुर्ण कर्मचारी साथीहरु,

हिमाली गाउँपालिकाको यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७५/७६ नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गैरवान्वीत भएको छु ।

नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भई आज हामी हिमाली गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफैँ शासन गर्ने लोकतन्त्रको अभ्यास स्थानीय तहमा नै गर्न पाउँदा निकै खुशी छौँ । देशलाई यस स्थितिमा ल्याइपुर्याउन आफ्नो प्राण उत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम् भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छौँ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैँ बनाउँ, जनताको सबै भन्दा नजिकको सरकार जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । नेपालको संविधान, को प्रावधान अनुसार अधिकार र स्रोत साधनसम्पन्न स्थानीय तहको गठन भएको छ । उक्त स्थानीय तह सरकारकै रुपमा रहेको र कानुनी प्रावधान अनुसार व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको प्रयोग गर्ने व्यवस्था रहेको छ । स्थानीय तहले आफैँ आफ्नो क्षेत्रभित्र लगाउने कर, शुल्क तथा राजश्वको दर निर्धारण गर्ने, वर्षभरी प्राप्त हुने राजश्वको अनुमान गर्ने, प्राप्त हुने अनुदान तथा अन्य स्रोतको प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण गर्ने, स्थानीय तहका गाउँगाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिमा कार्यक्रम तथा योजनाहरुको वृहत छलफलपश्चात कार्यपालिकाले स्वीकृत गरी गाउँसभामा आज पेश हुन आएको हिमाली गाउँपालिकाको दोस्रो वर्षको वार्षिक नीति , कार्यक्रम तथा बजेट घोषणा गर्न पाउँदा म निकै हर्षित एवम् गौरवान्वित छु ।

यसका उद्देश्यहरु

1. **संघीय सरकार र प्रदेश सरकारद्धारा प्रक्षेपित आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तर अभिवृद्धी गर्ने**
2. **यस गाउँपालिकामा उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी सामाजिक न्याय हासिल गर्ने ।**
3. **विधुतिय श्रोत साधनको प्रयोग मार्फत भ्रष्टचार नियन्त्रण गरी सुशासन कायम गर्ने ।**
4. **रोजगार सिर्जना गरी वेरोजगारी समस्या समाधान गर्ने ।**

उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू लगायत गाउँसभा सदस्य ज्यूहरु :

अव म यस हिमाली गाउँपालिकाको नीति , कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु

# बजेट वक्तव्य

- **यस गाउँपालिकाका सबै वडा तथा वस्तीहरुमा सडक सञ्जाल जोडि जनतालाई सडकको पहुचमा राखिनेछ।**
- **यस गाउँपालिकालाई २ बर्ष भित्र उज्यालो गाउँपालिकाका रुपमा विकसित गरिनेछ।**
- **आगामी २ वर्ष भित्र पत्येक घर घरमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।**
- **स्थानीय रैथाने बाली लगायत कृषी प्रर्वद्धनका तथा आधुनिकिकरण क्रियाकलापलाई सशक्तिकरण पारिनेछ।**
- **आगामी ५ वर्ष भित्र यस हिमाली गाउँपालिकालाई शिक्षा , स्वास्थ्य , पर्यटन तथा प्रविधि र वातावरणमैत्री गाउँपालिकामा रुपान्तरण गरिनेछ।**

**उपाध्यक्ष ज्यू लगायत गाउँसभा सदस्यज्यूहरु ,**

**गत वर्षको यथार्थ आम्दानी र खर्चको विवरण पेश गर्न चाहन्छु।**

| आम्दानीको स्रोत | आय | व्यय | वाँकी |
|---|---|---|---|
| **गाउँपालिकाको चालु आम्दानी** | 20 लाख | 12 लाख ४१ हजार २ सय २३ रुपैया ११ पैसा | 7 लाख ५८ हजार ७ सय ७६ |
| **गाउँपालिकाको पुजिगत आम्दानी** | ८० लाख | २४ लाख ७३ हजार १ सय ७६ रुपैया ४० पैसा | ५५ लाख २६ हजार ८ सय २३ रुपैया ६० पैसा |
| **गा.वि.स को चालू आम्दानी** | ६ लाख २३हजार २सय ५ | ३ लाख ४१हजार ६ सय ९८ | २ लाख ८१ हजार ५ सय ७ |
| **गा.वि.स को पुजिगत आम्दानी** | १ करोड ४४ लाख ९७ हजार ९ सय १९ रुपैया ८५ पैसा | १ करोड ११ लाख १० हजार ६ सय १० | ३३ लाख ८७ हजार ३ सय ९ |
| **एलजिसिडिपि को चालु अनुदान** | १लाख ६० हजार | १ लाख ६० हजार | - |
| **कर्णाली रोजगारको पुजिगत आम्दानी** | ८६ लाख ४० हजार | ८६ लाख ४० हजार | - |
| **लिंग हेल्वेटासको चालु आम्दानी** | ३ लाख ८८ हजार ५ सय | २ लाख ४६ हजार ५ सय | १ लाख ४२ हजार |
| **सामाजिक सुरक्षाको चालु** | ४९ लाख ९ हजार २ सय | ४९ लाख ९ हजार २ सय | - |
| **जम्मा** | ३ करोड ९२ लाख १८ हजार ८ सय २४ रुपैया ८५ पैसा | २ करोड ९१ लाख २२ हजार ४ सय ७ रुपैया ५१ पैसा | १ करोड २ लाख ५६ हजार ४ सय १५ रुपैया ६ पैसा |

**चालु आव.को संशोधित आम्दानी र खर्चको विवरण पेश गर्न चाहन्छु ।**

| **आम्दानीको स्रोत** | **आय** | **व्यय** | **बाँकी** |
|---|---|---|---|
| वित्तिय समानिकरण | १३ करोड ७९ लाख ७ हजार | | |
| अल्या आम्दानी | ९९ लाख ५४ हजार ५ सय १० | | |
| आन्तरिक आय | २ लाख ५० हजार | | |
| **जम्मा** | **१४ करोड ८१ लाख ११ हजार ५ सय १०** | | |
| चालु तर्फ | ३ करोड ७ लाख २३ हजार ८ सय ८२ | ९७ लाख ६८ हजार ७ सय १६ रुपैया २० पैसा | २ करोड ९ लाख ५५ हजार १ सय ६५ रुपैया ८० पैसा |
| पुजिगत तर्फ | २ करोड २८ लाख | ४८ लाख | १ करोड ८० लाख |
| अन्य कार्यक्रम तर्फ | २ करोड ७२ लाख ६५ हजार | ७० लाख | २ करोड २ लाख ६५ हजार |
| योजना तर्फ | ६ करोड ७३ लाख २२ हजार ५ सय ३५ | ४ करोड ३८ लाख ९७ हजार ५ सय ३५ | २ करोड ३४ लाख २५ हजार |
| **जम्मा** | **१४ करोड ८१ लाख ११ हजार ४ सय १७** | **६ करोड ५४लाख ६६ हजार २ सय ५१ रुपैया २ पैसा** | **८ करोड २७ लाख ४५ हजार १ सय ६५ रुपैया ८ पैसा** |
| सामाजिक सुरक्षाको चालु | १ करोड ४८ लाख ५८ हजार | १ करोड ४८ लाख ५८ हजार | |

आगामी आ.वको अनुमानित  आय व्ययको विवरण  पेश गर्न चाहन्छु ।

यस हिमाली गाउँपालिकाबाट तयार गरिएका नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न आर्थिक वर्ष २०७५/७६ मा आन्तरिक कर तथा राजस्वबाट रु ५ लाख ।
गत वर्षको अल्या रु  २ करोड ३० लाख रहेकोछ ।

केन्द्रिय सरकारबाट प्राप्त अनुदान तर्फ

१. वित्तिय समानिकरण तर्फ रु ६ करोड ६८ लाख
२. राजस्व बाँडफाँड तर्फ रु ५ करोड २४ लाख ७ हजार

प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ

१. वित्तिय समानिकरण तर्फ रु ६५ लाख ८९ हजार
२. राजस्व बाँडफाँड तर्फ रु ९ लाख ७५ हजार

केन्द्रिय सरकार सशर्त अनुदान तर्फ

१. सशर्त अनुदान रु ६ करोड ८८ लाख
२. ग्रामिण जलस्रोतबाट रु ३ लाख
३. सामाजिक सुरक्षा तर्फ रु १ करोड ६० लाख
४. बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु १२ लाख २५ हजार

५ लिंग हेल्वेटास कार्यक्रम तर्फ रु ८ लाख ९१ हजार ५ सय गरी जम्मा आ.व २०७५ /७६ का लागि कूल बजेट २३ करोड ७४ लाख ८७ हजार ५ सय रुपैया मात्र यस सभामा पेश गर्दछु । .

## यसै गरी व्यय तर्फ

चालु रकम रु रु ५ करोड ३३ लाख ८२ हजार

सर्शत चालू खर्च : ८ करोड ७७ लाख १६ हजार ५ सय

पूजिगत रकम  ९ करोड ६३ लाख ८९ हजार रहेकोछ।

यस  आर्थिक वर्षको लागि विषय क्षेत्रगत बजेट देहाय बमोजिम तयार पारिएको छः

## आर्थिक विकास

यस आ.व. का लागि रु. ९२ लाख ५० हजार रकम विनियोजित गरेको छु ।

कृषि तथा पशु विकासतर्फः रु. ५०,००,०००/- रकम विनियोजित गरेको छु ।  यस क्षेत्रको विकासको लागि जैतुन, तरकारी खेती, फलफूल खेतीका पकेट क्षेत्रको विकास एवम् विस्तार तथा उन्नत जातको व्यवसायिक पशुपालन कार्यक्रममा खर्च गरिनेछ ।

उद्योग र पर्यटन विकासका लागि रु.४२,५०,०००/- रकम विनियोजित गरेको छु । जस अन्तर्गत विछ्या सिउँडेनी जडिबुटी उद्योग स्थापनाको शुरुवात गरिनेछ । त्यसैगरी पर्यटन विकासका लागि र्‍याफ्टिङ्ग सेवा सञ्चालन, यस क्षेत्रमा रहेका धार्मिक एवम् पुरातात्विक महत्त्वका मठ मन्दिर एवम्  गुम्बा निर्माण तथा मर्मत गरिनेछ ।

## सामाजिक विकास

यस क्षेत्रको विकासका लागि  यस आ.व. का लागि रु. २ करोड २ लाख ५० हजार विनियोजन गरेको छु । जसमध्येः

शिक्षा तर्फ ८० लाख रकम विनियोजन गरेको छु।

स्वास्थ्यतर्फ २५ लाख रकम विनियोजित गरेको छु ।

खानेपानीतर्फ रु ८० लाख रकम विनियोजित गरेको छु । जस अन्तर्गत

- धिम खानेपानी,
- भित्त खोला खानेपानी,
- माइकापानी लेख र औल बोर्ता खानेपानी,
- पाडी खानेपानी,
- बाम-तरिखोला खानेपानी,
- दलित बाडा खानेपानी, झारपाटा खानेपानी,
- धुलाचौर खानेपानी,
- ज्ञाम्चु तुरस्या खानेपानी,
- कवाडी खोला खानेपानी,
- सताडा खानेपानी
- कुसेडी खानेपानी
- गोली खानेपानी,
- सिडेनी खानेपानी
- नातिखोला खानेपानी आयोजनामा खर्च गरिनेछ ।

यस गाउँपालिकामा खेलकूदको विकास गर्न यस क्षेत्रमा रङ्गशाला निर्माणको लागि रु १७ लाख ५० हजार रकम विनियोजित गरेको छु ।

## पूर्वाधार विकास

पूर्वाधार विकासतर्फ ३ करोड ९२ लाख ५० हजार रकम विनियोजित गरेको छु ।

जसमध्ये विद्युत क्षेत्रको विकासको लागि २ करोड रकम विनियोजित गरेको छु । यो रकम कवाडी खोला लघु जलविद्युत आयोजना, घट्टेखोला लघुखोला जलविद्युत आयोजना र विछ्या खोला लघु जलविद्युत आयोजनाको लागि विनियोजन गरिएको छ।

सडकतर्फ रु १ करोड ४२ लाख ५० हजार रकम विनियोजित गरेको छु । यो रकम कवाडीमाला-रुगिन सडक, धुलाचौर-बोर्ता सडक, बोल्डिक-पाडी सडक, सुपरुम्दी-कोट सडक, गर्भे गौंडा घोरेटो बाटो र माला-वछ्या सडकको लागि विनियोजन गरेको छु ।

सिंचाइतर्फ ५० लाख रुपैयाँ विनियोजन गरेको छु । जसमध्ये बाँधु सिंचाइ ट्याङ्की निर्माण, बोल्डीक सिचाई कुलो निमार्ण डाडाँबाडा , सुप सिंचाइ कुलो , फाडुली सिंचाइ ट्याङ्की मर्मत , क्यूडी सिचाई कुलो , ढिकुरे सिचाई कुलो , दुले सिचाई कुलो , मुसे माजकुलो सिचाई कुलो , पारी खेत सिचाई कुलो, छडी खोला सिचाई कुलो , बौडी सिचाई कुलोका लागि यो रकम विनियोजित गरेको छु ।

## वातावरण तथा विपद् व्यवस्थापन

वातावरण तथा विपद् व्यवस्थापनतर्फ २० लाख रूपैयाँ विनियोजन गरेको छु । जस अन्तर्गत वन तथा भू-संरक्षण जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापनमा खर्च गरिनेछ।

## संस्थागत विकास तथा सेवा प्रवाह

संस्थागत विकास तथा सेवा प्रवाह तर्फ यस आ.व.का लागि रु. १० लाख रकम विनियोजित गरेको छु ।

जस अन्तर्गत मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक बडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाह मापदण्ड निर्धारण र सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोगमा खर्च गरिनेछ ।

## अन्य पूँजिगत कार्यक्रम

यस गाउँपालिकाको साझेदारी कोष बापत रु. ६३ लाख ८९ हजार विनियोजन गरेको छु। यस गाउँपालिकाको भवन निर्माणको लागि रु. १ करोड र सवारी साधन खरिदका लागि रु. ५० लाख विनियोजन गरेको छु। त्यसैगरी फर्निचर तथा फिक्चर्सको लागि रु. १७ लाख र मेशिनरी औजारका लागि रु. १५ लाख ५० हजार विनियोजन गरेको छु।

देहाय बमोजिमको राजस्व नीति अवलम्बन गरिएको छ।

1. मदिरा तथा सूर्तिजन्य पदार्थ विक्री वितरण गर्ने विक्रेताहरूको सूचीकरण गरी त्यस्ता विक्रेताहरूलाई करको दायरामा ल्याइनेछ।
2. मिति २०७५/०४/०१ देखि अनिवार्य रूपमा "एकीकृत सम्पत्ति कर" लगाईनेछ। विगतमा यस गाउँपालिकाबाट लिइँदै आएको मालपोत कर लिइने छैन।
3. घर बहाल करको दर विगतको तुलनामा केही हेरफेर गरिएको छ।
4. त्यसैगरी व्यवसाय कर, जडिबुटी, सवारी करको दर, विज्ञापन कर, मनोरञ्जन कर, बहाल विटौरी कर, पार्किङ्ग शुल्क, ट्रेकिङ्ग शुल्क, सेवा शुल्क, पर्यटन शुल्क लगायतमा समेत केही मात्रामा कर वृद्धि गरिएको छ।

उपर्युक्त नीतिबाट कूल राजस्व रु. ५ लाख उठ्ने अनुमान राखिएको छ।

उपाध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरु ,

यो निमार्ण गरिएको बजेट तथ्यमा आधारित अनुमान र यस गाउँपालिकाका लक्ष्य , नीति कार्यक्रम कार्यान्वयन तथा उपलब्धी हासिलका लागि हाम्रो एक्लो प्रयास मात्र सम्भब छैन तसर्थ यसका लागि सम्पूर्ण गाउँसभाका सदस्यहरु , राजनितिक दल , सम्पूर्ण संघ सस्था , साझेदार निकाय , बुद्धिजिवि , समाजसेवी तथा सम्पूर्ण हिमाली गाउँपालिका बासी आमा , बुवा , दाजु, भाई दीदी बहिनी हरुको सामुहिक प्रयास बाट मात्र लक्ष्य हासिल गर्न सम्भव छ । तर्जुमा गरिएका नीति कार्यक्रम तथा योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न सबैतिरबाट यथोचित सहयोग हुनेछ भन्नेमा  पूर्ण विश्वस्त छु।

प्रस्तुत बजेट नीति तथा कार्यक्रम तर्जुममा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्यू हरु गाउँसभाका सदस्य ज्यूहरु विषयगत समितिका पदाधिकारी , राजनितिक दल , सरकारी तथा गैर सरकारी संस्था तथा सम्पूर्ण कर्मचारी मित्रहरुलाई हिमाली गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामि दिनमा पनि सकरात्मक सहयोग निरन्तररुपमा प्राप्त हनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

## धन्यवाद